परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक ३० २०७८ फाल्गुण २२ गते आईतवार Sunday 6, MAR 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## औंषधी र भौतिक संरचनाको अभावमा रानी स्वास्थ्य केन्द्र

हिरालाल साह

बिराटनगर। विराटनगर महानगर पालिका वडा नं. १५ मा रहेको रानी स्वास्थ्य केन्द्र औषधि र भौतिक संरचनाको अभावमा लथालिङ्ग अवस्थामा पुगेको छ।

नेपाल सरकारले नि:शुल्क उपलब्धि गराउने औषधि मध्ये आधा दर्जन प्रकार मात्र उपलब्ध रहेको र अन्य औषधि माग गर्दा समेत महानगर पालिकाको स्वस्थ्य शाखाले उपलब्ध नगराएकै कारण स्वस्थ्य सेवा प्रभावित भएको गुनासो स्वास्थ्यकर्मीहरूले नै गरेका छन।

त्यति मात्र होईन स्वास्थ्यकर्मीले प्रयोग गर्ने ग्लोवस, मास्क र सेनिटाईजर समेत महानगर पालिकाले उपलब्ध नगराएको कारण दुई महिना देखि मास्क आफै किनेर लगाएको गुनासो गर्दै गर्भवती महिलाको उपचारको लागि भौतिक संरचना अभाव कै कारण आएको विरामीलाई रिफर गर्नु पर्ने बाध्यता भएको वताए।



उक्त कुरा नेपाल कम्युनिष्ट पार्टी एमालेका बिराटनगर नगर कमिटी सहसचिव जय प्रकाश महतोको नेतृत्वमा प्राथमिक स्वास्थ्य केन्द्र रानी, बिराटनगरमा आम जनसमुदायको स्वास्थ्य केन्द्रमा पहुँच तथा स्वास्थ्य केन्द्रको अवस्था बारेमा अवलोकन गर्न गएको वेला गुनासो गरेका हुन।

महतोका अनुसार अवलोकनका क्रममा सर्वसाधारणलाई सरकारले ८२ प्रकारको निशुल्क औषधि मध्ये ६/७ प्रकारका सामन्य खालका

वांकी अन्तिम पेजमा...

## बालिकालाई बलात्कार गरी हत्या गरेको आरोपमा एक पक्राउ

विराटनगर । जिल्ला प्रहरी कार्यालय मोरंगले एक बालिकालाई बालात्कार गरी हत्या गरको आरोपमा एक जना ६४ वर्षिय पुरुषलाई सार्वजनिक गरको छ।

घटनाका विवरण अनुसार मोरङको लेटाङ नगरपालिका वडा नं. ८ कि १२ बर्षीया बालिकालाई जवर्जस्ति करणी गरी हत्या गरेको आरोपमा गर्ने प्रहरीले मोरङ लेटाङ नगरपालिका वडा नं. ८ का ६४ बर्षीय दिपक गरीलाई पक्राउ गरी सार्वजनिक गरेको हो।

फाल्गुन ११ गते बेलुकी अवेरसम्म पनि घर फर्कि नआई पुगेकोले घर परिवारका सदस्यले सोही दिन इलाका प्रहरी कार्यालय लेटाङमा जानकारी गराए पश्चात १३ गते बिहान खोज तलासमा खटिएको प्रहरी टोलीले बालिकाको घर देखि ३ किलो मिटर दक्षिण लेटाङ नगरपालिका वडा नं. ८ लाल हिरा सामुदायिक बनमा बालिकाको शव ढुङ्गाले छोपी मृत अबस्थामा फेला परेको थियो।

त्यसैगरी गिरीको घर पछाडि रहेको खोल्सीमा स्कुलको लोगो रहेको बेल्टको बक्कल र कडी, जुत्ताको सोलको भाग, ज्याकेटको बटमहरू, फरकको खिपहरू खरानीको थुप्रोमा डढेको अवस्थामा र नजिकै लाईटर समेत फेला पारेको थियो।

फाल्गुन ११ गते बेलुकी साढे ४ बजे जाँते उच्च माध्यमिक बिध्यालयबाट छुट्टी भई लेटाङ नगरपालिका वडा नं. ८ स्थित जंगलको बाटोमा घर फर्कदै गरेको अवस्थामा गिरीले बालिकालाई एक्लै देखि पछ्याउदै गई बिच जंगलमा पुगेपछि फकाई फुल्याई जंगल भित्रको छोटो बाटो जाँदा छिटो

वांकी ३ पेजमा...

## पत्रकार उपचार कोषलाई २५ हजार प्रदान

बिर्तामोड । नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले पत्रकार सहारा उपचार कोषलाई २५ हजार रुपैयाँ प्रदान गरेको छ।

पूर्वाञ्चल दैनिकका प्रधान सम्पादक समेत रहेका गिरीले नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको उपचार कोषका लागि उक्त रकम प्रदान गरेका हुन्। गत असोज १८ गते आफ्नो जन्मोत्सवको अवसर पारेर गिरीले कोषमा सहयोगको घोषणा गरेका थिए।

महासंघ झापाका अध्यक्ष गिरीले कार्यालय परिसरमा कोषाध्यक्ष रञ्जित प्रसाईंलाई उक्त रकम प्रदान गरेका हुन्। कोषका लागि नगद रकम हस्तान्तरण कार्यक्रममा महासंघका उपाध्यक्षद्वय केशव भट्टराई र सुशीला संग्रौला, कार्यसमिति सदस्य सन्तोष शर्मा र फोनिज झापाका पूर्व अध्यक्ष तथा महासंघको अनुशासन समितिका सदस्य गणेशमान मुखियाको सहभागिता थियो।

अध्यक्ष गिरीले पत्रकारको दिगो हितमा योगदान गर्न र अरुलाई पनि सहयोगका लागि प्रेरित गर्न रकम प्रदान गरेको बताए। महासंघ झापा शाखाले स्थापना गरेको उपचार कोष एक करोड रुपैयाँ पुर्‍याउने लक्ष्य राखिएको छ।

कोषको ब्याजबाट पत्रकारहरु बिरामी तथा दुर्घटनामा घाइते हुँदा उपचार सहयोग प्रदान गरिँदै आएको छ। कोषमा हालसम्म ५५ लाख रुपैयाँभन्दा बढी रकम जम्मा भइसकेको महासंघले जनाएको छ। कोषमा सहयोग जुट्ने क्रम जारी छ।

आफू झैं अरुले पनि जन्मोत्सव, विवाह उत्सव तथा पितृस्मृति जस्ता सन्दर्भमा केही रकम योगदान गर्ने हो भने कोषलाई एक करोड रुपैयाँ

वांकी ३ पेजमा...

## माओवादी केन्द्रको जिल्ला संयोजकमा विश्वास

विराटनगर, फाल्गुन १९ गते। नेकपा (माओवादी केन्द्र) मोरङ जिल्ला समन्वय समितिको संयोजकमा विजयकुमार विश्वास चयन भएको छ।

पार्टीको प्रदेश कमिटिले प्रदेशसभाका सदस्यसमेत रहेका विश्वासलाई संयोजकको जिम्मेवारी दिएको होरु। विश्वास पूर्वराज्यमन्त्री पनि हुन्।

माओवादी केन्द्रले संघीयताको कार्यान्वयन गर्दै जिल्ला कमिटिलाई समन्वय समितिमा रुपान्तरण गरेको छरु।समन्वय समितिमा प्रदेश कमिटिले संयोजक तोक्ने व्यवस्था छ भने सचिबको निर्णय समन्वय समितिको बैठकले गर्ने पार्टीको प्रदेश कमिटिका सचिव गणेश उप्रेतीले जानकारी दिए।

प्रदेश कमिटिले मोरङको सह-इन्चार्जहरुमा खेम भट्टराई, लालबहादुर सुस्लिङ, हेम कार्की, प्रेम मिभव लिम्बू र शुशिला घिमिरेलाई जिम्मेवारी दिएको छ।

भट्टराईले संयोजकको दावी गर्दै आएकोमा सहइन्चार्जको जिम्मेवारी दिएको हो। जिल्ला इन्चार्ज भने केन्द्रीय सदस्यमध्येबाट केन्द्रीय समितिले तोक्नेछ।

प्रदेश कमिटिले सुनसरीको संयोजकमा पप्पु मण्डल र झापाको संयोजकमा राजु आचार्यलाई जिम्मेवारी दिएको छरु। यस्तै मोहन

वांकी ३ पेजमा...






वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## पत्रकार...

बनाउन सहयोग पुग्ने गिरीले बताए ।

महासंघ झापा शाखाले सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संघ-संस्था, सहकारी, बैंक तथा दाता सबैलाई एकपटक पत्रकारको दिगो हितका लागि स्थापना भएको उपचार कोषमा सहयोग गर्न आव्हान गरेको छ । आफ्नै सामाजिक सुरक्षाका लागि स्थापित उपचार कोषमा सहयोग गर्न अध्यक्ष गिरीले इच्छुक पत्रकारलाई पनि आग्रह गरेका छन् ।

## औषधी...

औषधिमात्र उपलब्ध गराइएको, ल्याब टेस्टका लागि अत्याधुनिक भिडियो एक्स रे मेशिन भएपनि जनताले सुविधा नपाएको, गर्भवती महिलाका लागि बर्थिङ सेन्टर तथा पर्याप्त ठाउँ नभएको, भारत सरकारले ३ बर्ष पहिलेनै एम्बुलेन्स उपलब्ध गराएपनि संचालनमा

नआएको, स्वास्थ्य बिमा सरकारले उपलब्ध गराएपनि जनताको जनचेतनाको अभावले विमाको लाभ लिन नआएको, बिरामी कुरुवाको लागि बस्ने ठाउँ अभाव रहेको, पार्किङकोअभाव आदि समस्या पाईएको जानकारी गराए ।

स्वास्थ्य केन्द्रमा आवश्यक जनशक्ति तथा दक्ष प्राविधिकको अभाव रहेको, महानगर स्वास्थ्य केन्द्र बिराटनगरलाई पटकपटक जानकारी तथा बोदार्थ गराईएपनि सुनवाइ नभएको, थप नयाँ भवन बनिसकेको भए पनि हस्तान्तरण हुन बाँकी रहेकोले ठाउँको अभाव रहेको, सरकारले उपलब्ध गराउने आधा दर्जन प्रकारको अत्यावश्यक औषधि बाहेक महानगरले निशुल्क औषधि उपलब्ध गराउन नसकेको, जनसंख्याको चाप अनुसार दरबन्दी थप हुनुपर्नेमा जम्मा १५ जनामात्र कर्मचारीले धान्नुपरेको जसको फलस्वरूप अत्यधिक रुपमा अन्य स्वास्थ्य केन्द्रमा रिफर गराउनेको संख्या अत्यधिक रहेको बाध्यता रानी स्वास्थ्य कार्यालयका प्रमुख डाक्टर बिशाल कुमार देवले वताए ।

जनसरोकारका विषयमा सहसचिव जयप्रकाश महतोले सबैले मिलेर स्वास्थ्य जस्तो संबेदनसिल बिषयमा बिराटनगर स्वास्थ्य शाखामा डेलिकेश जाने र सम्बन्धित निकायलाई धचधच्याउने कुरा जानकारी गराउदै जनताले पनि यस्तो बिषयमा आगामी दिनमा चासो राख्नुपर्ने त्यसको लागि जनचेतनामूलक कार्यक्रम गर्ने बताए ।

## माओवादी...

टुडु झापा सचिब बनेका छन् ।

झापाको सहइन्चार्जहरुमा सीपी कडरिया, बोधराज दाहाल, ज्योतिसिंह दर्लामी, पुरुषोत्तम चुडाल, पूर्णसिंह राजवंशी र रोशन कन्दङ्वा रहेका छन् ।

प्रदेश कमिटिले प्रदेशको गौरभौगोलिक पार्टी कमिटिको संयोजकको जिम्मेवारी भानु मैनालीलाई दिएको छरु। सो कमिटिको सहइन्चार्जहरुमा भुपाल सापकोटा, गरिमा भट्टराई, ओपेन्द्र राय र शिखर कडरिया रहेका छन् ।

## बालिकालाई...

पुगिन्छ भनि केही पर लगि जवरजस्ती करणी गरेको थियो ।

सो कुरा सार्वजनिक गर्ने बालिकाले भनेपछि गिरीले घाँटी थिचि हत्या गरी नजिकै रहेको खोल्सीमा शवलाई घोप्टो पारी ढुंगाले छोपेको अनुसन्धानबाट खुल्न आएको हो ।

घटनामा संलग्न गरेका पक्राउ गिरीको थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# ओटो सिट बजाज शोरुमद्धारा प्रहरीलाई ९ सिट भएको विद्युतिय ओटो हस्तान्तरण




बिराटनगर । सुनसरीको इटहरी उप महानगरपालिका वडा नं. ६ स्थित रहेको अटो सिटि बजाज सोरुमले प्रहरीलाई शुक्रवार बिधुतिय अटो हस्तान्तरण गरेको छ ।

एक कार्यक्रमको आयोजना गरी समुदाय प्रहरी साझेदारी कार्यक्रमको अवधारणा अनुरुप सोरुमका प्रवन्धक प्रदिप सन्थालियाले ९ सिट क्षमता भएको १ थान बिधुतिय अटो १ नम्वर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.लाई हस्तान्तरण गर्नु भएको थियो ।

उक्त इलेक्ट्रोनिक अटो इलाका प्रहरी कार्यलय इटहरीले प्रहरी गस्ति पेट्रोलिङ बढाई अपराधिक गतिविधि निस्तेज पारी समाजमा शान्ति सुरक्षा कायम राख्नको निमित्त प्रयोग गर्ने छ ।

उक्त कार्यक्रममा सुनसरी का प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादव, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख प्रहरी उपरीक्षक संजय सिंह थापा, १ नम्वर प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक बासुदेव खतिवडा, बिभिन्न संघ संस्थाका प्रतिनिधि, पत्रकार, नागरिक समाज तथा स्थानिय समेतको उपस्थिति रहेको थियो ।






तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

* बाल विवाह * अनिच्छित विवाह
* बहु विवाह * दाईजो विवाह * दवाव विवाह

विचार गर्नुहोस,
के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ?
यो सबै विवाह सामाजिक र कानुनी अपराध हुन् ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौं ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।


## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौं वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ X-Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१





परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### गर्मी मौसममा आगलागीको संत्रास

नेपालको हावापानी ठाउँ अनुसार फरकफरक रहेको पाईन्छ । नेपालको भूभागलाई तीन खण्डमा वाडिएको छ हिमाल, पहाड र तराई यी तीन क्षेत्रमा तीन किसिमको हावा पानी पाईन्छ । हिममालमा वाह्रै महिना जाडो महसुस हुन्छ भने पहाडमा जाडो गर्मी दुवै हुने भएकोले त्यहाँको मौसमलार्य समान्य मानिन्छ । तर तराईको सम्थल भूमागमा वर्षाको वेला अत्याधिक मात्रामा वर्षा, गर्मीको वेलामा अध्याधिक मात्रामा गर्मी र वर्षाको वेलामा अत्याधिक वर्षा भई जनमानसमा खुवै असरपारेको हुन्छ । मौषमलाई ऋतुका अनुसार ६ भागमा वाडिएको भएपनि हामी समान्य रुपमा तराई खण्डमा बसोवास गर्ने मानिसहरुलाई वर्षा, जाडो र गर्मीले बढी प्रभावित गरको पाईन्छ । अषाढ, श्रावन, भदौ र असोज महिनामा अध्याधिक वर्षाले सताउने गरको पाईनछ भने कार्तिक, मंसिर, पुस र माघ महिनामा अध्याधिक जाडोले प्रभावित गर्ने गरेको छ । त्यसैगरी फागुन, चैत, बैशाल र जेष्ठमा गर्मी संगै हावाहुरीले गर्दा आगलागीको समेत तराईमा बसोवास गर्ने जनतालाई संत्रास रहेको पाईन्छ । यस वर्षको जाडो मौसम सकिएर गर्मी मौसम शुरु भई सकेको छ । तराईमा होली पछि अध्याधिक गर्मी भई पश्चिमी सुख्खा हुरी वतासले सताउन थालेको हुन्छ । त्यसपछि तराईमा आगलागीको समस्या शुरु हुन थाल्छ ।

यस्ता समस्याहरुवाट वर्षेनी जन, धनको क्षति हुने गरको छ । ती क्षतिलाई समयमै न्यूनिकरण गर्न सचेत हुने आवश्यक छ । वाढी र पहिरोले पुगाउने क्षति भन्दा आगोले पुऱ्याउने क्षतिको आकडा बढी नै देखिन्छ । वर्षा, जाडो र गर्मीवाट हुने क्षतिको सही तथ्याँक नेपाल सरकारसंग छैन । ती क्षतिको तथ्याँक संकलन गरी तुलना गर्ने हो भने पक्कै वर्षा र जाडो भन्दा वढी गर्मी मौसममा आगलागीले हुने गरको थाहा हुने छ । हिमाल र पहाडमा सानो तीनो बजारमा वाक्लो बस्ती वाहेक अन्यत्र वाक्लो बस्ती हुदैन तर तराई मधेश क्षेत्रमा प्राय वाक्लो बस्ती नै हुन्छ । ती वाक्लो बस्तीका घरहरु वाँस, पराल, काठले, टिनाले वनेको हुन्छ जसमा आगलागीको अध्याधिक सम्भावना हुन्छ । वाक्लो बस्तीका एक जनाको घरमा आगलागी हुँदा पुरै टोल नै सखाप भएको घटनाहरु समेत भएको पाईन्छ । भने वाढीले कतिलाई घर विहीन वनाई दिएको हुन्छ । त्यसैले त्यस्ता घटनावाट समयमै संचेत हुन जरुरी छ भने घटना भईनै हालेमा त्यसवाट बच्नको लागि पूर्व तयारी अवस्थामा रहन समेत जरुरी छ ।

त्यसैले कुनै पनि संकट आउनु भन्दा पहिले होशियार हुनु बुद्धिमानी हुन्छ । त्यसैले अहिले स्थानीय तहका पालिकाहरुले शूरु देखि नै आगलागीवाट बच्नको लागि सचेतना मुलक कार्यक्रमहरु गरी आम नागरीकलाई संचेत गराउँनु पर्छ । आगलागी भई नै हालेमा त्यसको लागि बारुण यन्त्रको समेत प्रत्येक पालिकाले व्यवस्थापन गर्न जरुरी छ । समस्या आएपछि समाधान खोज्ने नेपालीको प्रवृतीले वर्षिनी अर्वोको क्षति हुने गरको छ । ती क्षति न्यूनिकरणका लागि समयमै पालिकाको जनप्रतिनिधी, आम नागरिक समाज स्वयम नागरिक पनि सचेत हुन जरुरी छन् ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# हामीकहाँ यसकारण समयमै सम्पन्न हुँदैनन् ठूला परियोजना

**प्रभाकर घिमिरे**

नेपालमा ठूला परियोजनाहरू किन समयमै सम्पन्न हुँदैनन्- जो कोहीले सोधिराख्ने तर उत्तर भने सहजै नपाउने प्रश्न हो यो ।

आम जनसमुदायको ध्यान तान्न र अपेक्षा बढाउन राजनीतिक दलका नेतादेखि उच्च पदमा रहेकाहरूले ठूला परियोजना अगाडि सार्ने गरेको पाइन्छ। ठूला महत्वाकांक्षी परियोजनाको कार्यान्वयन जटिल छ भन्ने कुरा न नीति-निर्माताले सहज रूपमा स्वीकार गरेको पाइन्छ, न सर्वसाधारणले यसका गम्भीर पक्षबारे बुझेका छन् ।

कुनै पनि परियोजना विकास तथा कार्यान्वयनका लागि आर्थिक स्रोत अर्थात् पुँजी सबभन्दा ठूलो कुरा हो र यो भएपछि परियोजना कार्यान्वयन सहजै भइहाल्छ भन्ने भ्रम धेरैमा छ। परियोजना लगानीयोग्य बनाउने हो भने त्यसका लागि वित्तीय स्रोत जुटाउनु कुनै ठूलो विषय होइन, सहजै व्यवस्थापन हुन्छ। स्वदेशी तथा विदेशी ऋणदाता निकायहरू तँछाडमछाड गरेर लगानी गर्न तयार छन् ।

तर किन सफल हुने प्रशस्त सम्भावना भएका ठूला परियोजना पनि कार्यान्वयन हुँदैनन् वा समयमा सम्पन्न हुँदैनन् त ?

यो प्रश्नको जवाफ नेपालका विभिन्न परियोजनालाई नजिकबाट नियाले मात्र सहजै पाइन्छ। ठूला परियोजना कार्यान्वयनका जटिलता पछाडि पुँजी बाहेकका कारण खोतल्ने प्रयास मैले गरेको छु ।

कुनै पनि परियोजनाले कुनै न कुनै चरणमा व्यवधान नभोगेको सायदै उदाहरण छैन होला नेपालमा। हरेक दिनजसो कुनै न कुनै ठूला परियोजनामा सरोकारवाला स्थानीयसँग द्वन्द्वका समाचार आइरहेका हुन्छन्। कतिपय घटना त सञ्चारमाध्यममा आएका पनि हुँदैनन् ।

स्थानीय सरोकारवालासँग परियोजनाको द्वन्द्व चलिरहनुका पछाडि थुप्रै कारण छन्। यस्ता असमझदारी बढ्नुमा परियोजना र प्रभावित (लाभान्वित पनि) स्थानीय बासिन्दा दुवैको कमजोरी देखिन्छ।

आखिर आफ्नो क्षेत्रमा रोजगारी दिने, स्थानीय विकासमा सहयोग गर्ने, आर्थिक गतिविधि बढाउने यस्ता परियोजनाप्रति स्थानीय बासिन्दा किन नकारात्मक हुन्छन ?

सुरूमा यसको विश्लेषण गरौं ।

पहिलो, कुनै राजनीतिक दल प्रभावशाली वा स्वार्थ समूहले परियोजनाले वातावरणीय, सामाजिक रूपमा नकारात्मक प्रभाव पार्दैछ भन्ने भ्रम पहिल्यै स्थानीय बासिन्दामा पुऱ्याइदिन्छ। यस्तो भ्रम न परियोजनाले चिर्न सकेको पाइन्छ, न त्यो विषयबारे परियोजना गम्भीर देखिन्छ। सुरूमा त अधिकांश परियोजनाले यस्ता कुरा जनतालाई बुझाउनु भन्दा बेवास्ता गरी एकोहोरो अगाडि बढ्ने नीति लिएको पाइन्छ। यसले गर्दा स्थानीयलाई झन् आक्रोशित बनाउँछ ।

दोस्रो, परियोजनाले ल्याउने सकारात्मक र नकारात्मक असरबारे स्थानीय सरोकारवालासँग पर्याप्त र समयमै छलफल, विमर्श र संवाद गरेको पाइँदैन। यस कारण परियोजनाबारे नकारात्मक हल्लाले स्थान पाउँछ ।

तेस्रो, परियोजना विकासकर्ताले सम्झौताअनुसार गर्नुपर्ने काम र पूरा गर्नुपर्ने जिम्मेवारी इमानदारी साथ पूरा गरेको पाइँदैन। कतिपय परियोजनाले त स्थानीयसँग छलफल गरी उनीहरूलाई निर्णय प्रक्रियामा समावेश गराउनुको साटो केन्द्रीय नेता वा शक्तिकेन्द्र मार्फत समस्या समाधानको उपाय खोज्ने प्रयास गरेको पाइन्छ ।

परियोजना विकास तथा कार्यान्वयनका विश्वव्यापी मान्यता, राष्ट्रिय कानुन एवं वातावरणीय तथा सामाजिक व्यवस्थाहरूको पालनामा परि योजना चुकेका धेरै उदाहरण छन्। जसका कारण सुरूमा परियोजना बाट ठूलै अपेक्षा गरी समर्थन गरेका सरोकारवालाले समेत पछिल्ला वर्षमा विरोध गर्न थालेको पाइन्छ ।

परियोजनाबाट उपेक्षा गरिएको र प्रतिबद्धता जाहेर गरिएको रोजगारी, व्यवसायको अवसर, स्थानीय विकास लगायतका स्थानीय लाभका अवसरहरू प्राप्त नभएपछि सरोकारवालाहरू परियोजना प्रति नकारात्मक बन्दै जाने र परियोजनाका गतिविधिमा उनीहरूको सहयोग हुन छाड्ने अवस्था आउने गरेको छ ।

चौथो, परियोजनाबाट स्थानीयलाई प्राप्त हुने आर्थिक तथा सामाजिक लाभका विषयमा बुझाउन विकासकर्ता कम्पनीहरूले सकेको पाइँदैन। परियोजना किन भन्ने विषयमा स्थानीय प्राय: अनभिज्ञ हुन्छन्। त्यसैले यो परियोजना त विकासकर्ताका लागि मात्र हो हामीले के पाउने हो र, हामीले किन सहयोग गर्ने भन्ने भावना बढ्ने गरेको पाइन्छ ।

पाँचौं, कतिपय परियोजनाबारे स्थानीयको खासै विरोध नभए पनि परियोजना विकासको ढाँचा वा यसको आकार (क्षमता) लाई लिएर सरोकारवालाको असन्तुष्टि देखिन्छ। परियोजना धेरै ठूलो वा यसले धेरै मानिसको विस्थापन र वातावरणमा असर पर्ने खालको विषयले पनि विरोधको बाटो सिर्जना गरेको देखिन्छ ।

ठूला परियोजना बन्नै हुँदैन भन्ने नकारात्मक भावना रहने अवस्थामा यस्ता प्राविधिक पक्षमा पनि परियोजना विकासकर्ताले स्थानीय समुदायसँग छलफल र अन्तरक्रिया गर्दैनन्। यसकारण पनि कार्यान्वयन समयमा समस्या आउने गरेको देखिन्छ ।

छैठौं, परियोजना कार्यान्वयनमा विकासकर्ताले देखाएको ढिलासुस्तीका कारण स्थानीयमा निराशा र आक्रोश देखिने गरेको छ ।

सातौं, परियोजना माथि राजनीतिक स्वार्थ हावी र उग्रराष्ट्रवादबाट प्रेरित दल, समूह वा व्यक्तिको चलखेल हुने गरेको भए पनि परियोजनाका तर्फबाट समयमै स्पष्ट पार्नुको साटो सरोकारवालाबाट टाढा रहन खोज्ने प्रवृत्तिले गर्दा विरोधी समूह झन् बढ्दै जान्छन्। सकारात्मक पक्ष छायामा पर्न गई परियोजनाको भविष्य नै अनिश्चित हुने अवस्था पनि आउने गरेको छ ।

आठौं, विरोध गर्नेले विदेशी लगानीका परियोजनामा त राष्ट्रवादको मसला प्रयोग गरी 'विदेशी' को विल्ला भिराएर बन्न नदिने रणनीति पनि लिएको पाइन्छ। विदेशी लगानीका परियोजनासँग सरोकारवालासँग सम्बन्ध विस्तारका लागि गाउँमा खटाउने सामाजिक परिचालक पर्याप्त नहुने र भए पनि विदेशी नागरिक नै रहने गरेका कारण भाषागत समस्या हुन्छ। यस्तोमा विदेशीको परियोजना हो भन्ने भावना राख्नेलाई समेत थप बल मिलेको पाइन्छ ।

विदेशी लगानी भए पनि नेपालमा दर्ता भएको, नेपालीलाई रोजगारी दिएको, नेपालकै अर्थतन्त्र र राजस्वमा योगदान दिने हो भनेर बुझाउन विकासकर्ताले स्थानीय सरोकारवालासँग पर्याप्त छलफल गरेको पाइँदैन ।

नवौं, परियोजना पहिचान, छनौट, विकास र कार्यान्वयनमा स्थानीयको सहभागिता नहुने र उनीहरूको आवश्यकता र मागभन्दा पनि विकासकर्ताको प्रस्ताव अनुसार परियोजना अगाडि बढ्नाले पनि कार्यान्वयनमा स्थानीयको सहयोग हुँदैन ।

अब चर्चा गरौं स्थानीयका कारण परियोजना कसरी अगाडि बढ्न सक्दैनन् भन्नेबारे ।

कुनै पनि विकास परियोजना कुनै समुदायमा कार्यान्वयन हुँदैछ भने त्यसले स्थानीयको सबै आवश्यकता र माग पूरा गर्नु पर्छ आम मानिसमा गलत बुझाइ छ ।

केही वर्षअघि मलाई एक जना जलविद्युत प्रवर्द्धकले भनेका थिए, 'स्थानीयले हामीलाई दुहुनो गाई नै बनाएका छन्। त्यहाँका एक नेताकी छोरीको बिहेको पार्टी खर्चसमेत हाम्रो परियोजनाले बेहोर्नुपऱ्यो। स्थानीयका छोरालाई बुहारी र छोरी लागि ज्वाइँ खोज्दिन समेत कुन दिन परियोजनाकै जिम्मेवारी पर्ला जस्तो छ। सरकारले गर्न नसकेको काम एउटा परियोजनाबाट अपेक्षा गरिन्छ अनि कसरी परियोजना बन्छ ?'

उनले भनेका कुराको भाषा सामान्य छ। तर यसले बोकेको सन्देश निकै गम्भीर र मननयोग्य छ ।

परियोजनाबाट सरोकारवालाले अत्यधिक अपेक्षा गरेको पाइन्छ। हरेक घरले रोजगारी पाउनै पर्ने, त्यसमाथि पनि 'अफिसियल' काम नै पाउनु पर्ने, हातमा सीप नभएका पनि श्रमिकको काम गर्न नरूचाउने, सबैलाई व्यवसायको असर दिनै पर्ने, हरेक विकास निर्माणका काममा सहयोग गर्नै पर्ने, स्थानीय क्लब, विद्यालय, स्वास्थ्य चौकीलाई आर्थिक सहयोग, पत्रिकालाई विज्ञापन, ठेकदारलाई ठेक्का, नेतालाई जहाज वा पकेट खर्चदेखि टोले गुन्डासम्मलाई खुसी पारेर परियोजना अगाडि बढाउन त्यति सजिलो छैन ।

परियोजना विकासका लागि सबभन्दा ठूलो चुनौती जग्गा अधिग्रहण हो। जति ठूला परियोजना भयो त्यति नै बढी जग्गा आवश्यक पर्छ । त्यसमाथि पनि जलविद्युत परियोजनामा त विद्युत उत्पादन गृह

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# नारी दिवसको अवसरमा तेस्रो संस्करणको सेलिब्रेटी मुमेन्ट

बिराटनगर । अन्तराष्ट्रिय नारी दिवसका दिन सेलिब्रेटी मुमेन्टको तेस्रो संस्करण हुने भएको छ ।

नेपाल पत्रकार महासंघ मोरङको सभा हलमा पत्रकार सम्मेलन गर्दै बिराटनगर प्राइम राउन्ड टेवल १० ले फाल्गुन २४ गते बिराटनगरको जैन भवनबाट स्कुटर रेशको आयोजना गर्ने जानकारी गराएको छ ।

नारी दिवसका दिन महिला लक्षित प्याडिलक्स गर्ल्स अन ह्वील कार्यक्रमको लागि एक स्कुटरमा दुई जनाका दरले ७५ वटा स्कुटरको प्रतिस्पर्धा गराउने भएको छ ।प्रतियोगिहरुले बिराटनगरका विभिन्न १० स्थानमा पुगि संकेतको आधारमा आवश्यक टास्कहरु पूरा गर्नुपर्ने हुन्छ । टास्कका आधारमा सहभागी मध्येबाट प्रथम, द्वितीय र तेस्रो हुनेलाई एम आईको टेलिभिजन पुरस्कार स्वरुप प्रदान गर्ने व्यवस्था गरिएको कार्यक्रमका संयोजक योगेश राठीले बताए ।

राउन्ड टेवलले बिगत ३२ बर्षदेखि सामाजिक क्षेत्रमा क्रियाशील रहेको र विभिन्न समयमा मनोरन्जनात्मक तथा उत्प्रेरणात्मक कार्यक्रमहरु गर्दै आएको छ । रेशमा सहभागी हुन एक स्कुटरमा सवार दुई जनाका लागि १५ सय दर्ता शुल्क राखिएको छ ।

सो कार्यक्रममा राष्ट्रिय स्तरका गायक/गायिका तथा नृत्य प्रस्तुति सहित मनोरंजनात्मक प्रस्तुति रहने छ। नेको इस्योरेन्ससँगको सहकार्य तथा मुख्य प्रायोजक सेनेटरी प्याड प्याडिलक्स रहेको आयोजकले जानकारी गराए ।

# घर-घरमा नेपाल प्रहरी कार्यक्रम २०७८ शुभारम्भ

संखुवासभा । जिल्ला प्रहरी कार्यालय संखुवासभाले सामुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत घर घरमा नेपाल प्रहरी कार्यक्रम २०७८ को शुभारम्भ सोमवार गरेको छ ।

जिल्ला प्रहरी कार्यालय संखुवासभा परिसरमा भएको एक कार्यक्रमका बिच बस्ति, टोल र घर घरमा प्रहरीको पहुँच अभिबृद्धि गरि नागरिकका समस्याको बारेमा बुझ्न, प्रहरी र नागरिक बीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन तथा आम जनतालाई समस्या परेको बखत र कुनै पनि अपराधिक घटनाको तुरुन्त प्रहरी कार्यालयलाई जनाकारी गराउन आवश्यक रहेको कुरा महसुस गराउन घर घरमा नेपाल प्रहरी अभियानको शुरुवात गरिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

जिल्ला समन्वय समिति खाँदबारीका प्रमुख सुमन शाक्यको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा खाँदबारी नगरपालिका प्रमुख मुरारी खतिवडा, १ नं. प्रदेश आन्तरिक मामिला तथा कानुन सचिव काली प्रसाद पराजुली, संखुवासभाका प्रमुख जिल्ला अधिकारी नूरहरि खतिवडा, १ नं. प्रदेश प्रहरी कार्यालय प्रमुख प्र.ना.म.नि. अरुण कुमार बिसी र १ नं. प्रदेश प्रहरी श्रीमती संघकी अध्यक्ष चारू कोईराला बि.सी. लगायत बिभिन्न राजनितीक दलका प्रतिनिधी, पत्रकार र स्थानियहरुको सहभागी रहेको थियो ।

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

### १. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

### २. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

### 3. यसबाट बच्न के-के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १




# वादविवादका बिच १२ बुँदे व्याख्यात्म घोषणा सहित मिलेनियम च्यालेन्ज कर्पोरिसन (एमसीसी) अनुमोदन



एमसीसी अनुमोदनको घोषणा भएपछि ताली पिट्दै संघिय सांसदहरु ।

विराटनगर । अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सँगको अनुदान सम्झौतालाई बहुमतले बुधवार अनुमोदन गरेको छ ।

हस्ताक्षर भएको साढे चार वर्ष र संसद् सचिवालयमा दर्ता भएको साढे दुई वर्षपछि संसदबाट बहुमतले अनुमोदन भएको छ । नेपालको ऊर्जा र सडक पूर्वाधार विकासका लागि भएको ५०० मिलियन अमेरिकी डलर अनुदान सम्झौता कार्वान्वयनमा आउने निश्चित भएको छ ।

२०७४ भदौ २९ मा नेपाल सरकार र एमसीसीबीच नेपालको ऊर्जा र सडक पूर्वाधार विकासका लागि एमसीसीसँग सम्झौता भएको थियो । सम्झौता भएको दुई वर्षपछि २०७६ असार ३० मा तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले प्रतिनिधि सभाको विधेयक शाखामा सम्झौता संसद्बाट अनुमोदन गर्नका लागि दर्ता गरेको थियो । संसद्मा दर्ता भएपछि एमसीसी सम्झौतालाई लिएर विवाद भएपछि तत्कालीन नेकपाले पूर्वप्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा बनेको कार्यदलले संशोधन गरेर मात्र अघि बढ्नुपर्ने सुझाव दिएको थियो ।

गठबन्धन सरकारमा कांग्रेसले एमसीसी सम्झौतालाई अघि बढाउन चाहे पनि माओवादी केन्द्र र एकीकृत समाजवादीले विरोध गर्दै आएका थिए । तर, सम्झौता भएको लामो समयसम्म अनुमोदन हुन नसकेपछि अमेरिकाले त्यसबारे लगातार चासो राख्दै आएको थियो ।

त्यसैलाई मध्यनजर गरेर असोज १३ मा प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पाँच महिना अर्थात फागुन १६ भित्र एमसीसी सम्झौतालाई संसद्बाट अनुमोदन गर्ने प्रतिबद्धता गर्दै पत्राचार गरेका थिए ।

एमसीसी मुख्यालयले उक्त पत्राचारलाई सकारात्मक रूपमा लिँदै नेपालले समयमै सम्झौता कार्यान्वयनमा लैजान आवश्यक प्रक्रिया पूरा गर्ने विश्वास व्यक्त गरेको थियो ।

अर्थमन्त्री जनार्दन शर्माले संसदमा पेश गरेको १२ बुँदाहरू व्याख्यात्क घोषणा

१. कम्प्याक्टको पक्ष भएका कारण नेपाल अमेरिकाको इण्डो प्यासिफिक स्ट्राटेजीलगायत कुनै पनि सामरिक सैन्य वा सुरक्षा गठबन्धनमा आवद्ध भएको मानिने छैन भनी घोषणा गर्दछ ।

२. देशको मूल कानुनको रूपमा रहेको नेपालको संविधान कम्प्याक्ट र कम्प्याक्टसँग सम्बन्धित अन्य सम्झौताहरूभन्दा माथि रहेको भनी घोषणा गर्दछ ।

३. कम्प्याक्टको दफा २.७, दफा ५.१ (ख) ३, दफा ५.१ ख ४ को कम्प्याक्टका ती दफाहरूको उद्देश्य एमसीसी अनुदान तथा परियोजनाको सम्पत्ति उपयोगका सन्दर्भमा मात्र लागु हुन्छ भन्ने बुझाइ नेपालको रहेको छ र ती प्रावधानले एमसीसीको अनुदानको प्रयोगबाहेक अन्य कुनै पनि उद्देश्यका लागि हाल विद्यमान वा भविष्यमा निर्माण हुने अमेरिकी कानुन वा नीतिहरूको पालना गर्न नेपाल बाध्य छैन भन्ने घोषणा गर्दछ ।

४. कम्प्याक्टको दफा ३.२ (ख) का सम्बन्धमा मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसीए नेपाल)ले सञ्चालन गर्ने क्रियाकलाप नेपालको कानुनद्वारा निर्देशित र कम्प्याक्ट अनुसार नियमित हुनेछ भनी घोषणा गर्दछ।

- एमसीसी प्रकरणमा 'नेपाल र अमेरिका दुवैतर्फ उग्रवाद हाबी, अमेरिकी नीति विफल'

- एमसीसीबारे कुन दलका अडान के ?

- आफू पनि जोडिएको अमेरिकी अनुदान एमसीसीबारे भारत किन मौन

५. कम्प्याक्टको दफा ३.२ (च) को सम्बन्धमा कम्प्याक्टको उपयोगबाट श्रृजना हुने बौद्धिक सम्पत्तिमाथि एमसीसीको स्वामित्व रहने छैन। कम्प्याक्ट कार्यक्रम अन्तर्गत सिर्जना हुने सम्पूर्ण बौद्धिक सम्पत्ति उपर नेपालको स्वामित्व रहनेछ र त्यसको पूर्ण उपयोग नेपालले गर्न पाउने छ भनी घोषणा गर्दछ ।

६. कम्प्याक्टको दफा ३.५ को सम्बन्धमा कार्यान्वयन पत्रहरू कम्प्याक्टको दायराभित्र लागु गरिने छ भनी घोषणा गर्दछ ।

७. कम्प्याक्टको दफा ३.८ (क) को सम्बन्धमा एमसीए नेपालका सबै क्रियाकलाप तथा कोषको लेखा परीक्षण प्रचलित नेपाल कानुनबमोजिम महालेखा परीक्षकबाट हुनेछ भनी घोषणा गर्दछ ।

८. कम्प्याक्टको दफा ५.१(क) को सम्बन्धमा नेपालले ३० दिनको लिखित पूर्वसूचना दिई बिना कुनै कारण कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकारका अतिरिक्त कम्प्याक्ट अन्तर्गतका क्रियाकलाप वा कार्यक्रम सञ्चालन गर्दा नेपालको कानुन वा नीतिको उल्लङ्घन गरेकोमा समेत ३० दिनको पूर्वसूचना दिई कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकार राख्दछ भनी घोषणा गर्दछ ।

९. कम्प्याक्टको दफा ५.५ को सम्बन्धमा कम्प्याक्टको समाप्ति, निलम्बन वा अन्त्यपश्चात् पनि लागु हुने भनिएका प्रावधानहरू कम्प्याक्ट कार्यक्रम र एमसीसी अनुदानको उपयोग लगायत कम्प्याक्ट अन्तर्गतका परियोजनाहरूको मूल्याङ्कन, लेखा परीक्षण र करको फरफारकको हदसम्म मात्र सान्दर्भिक हुनेछ भनी घोषणा गर्दछ ।

- के एमसीसीबारे अमेरिका र चीन आरोपप्रत्यारोपमा ओर्लिएका हुन्

- भ्रष्टाचार र बाह्य प्रभावले नेपालको निर्णयलाई प्रभावित पारे त्यो चिन्ताजनक' हुने अमेरिकी चेतावनी

१०. कम्प्याक्टको दफा ७.१ को सम्बन्धमा कम्प्याक्ट अन्तर्गत का कार्यक्रमको कार्यान्वयन कम्प्याक्ट तथा नेपालको प्रचलित राष्ट्रिय कानुन बमोजिम हुनेछ भनी घोषणा गर्दछ ।

११. कम्प्याक्टको दफा ८.१ को सम्बन्धमा विद्युत् प्रसारण परियोजना लगायतका सबै चल तथा अचल सम्पत्ति र परियोजनासँग सम्बन्धित जग्गा नेपाल सरकार वा नेपाल सरकारका निकायको स्वामित्वमा रहनेछ भनी घोषणा गर्दछ ।

१२. कम्प्याक्टमा रहेका प्रावधानहरूको आशय र प्रयोगका बारेमा मिलेनियम च्यालेञ्ज कर्पोरेसनबाट २०७८ भदौ २३ मा नेपालले प्राप्त गरेको स्पष्टीकरणले कम्प्याक्टको व्याख्या तथा कार्यान्वयनमा मद्दत गर्ने बुझाइ नेपालको रहेको छ ।

# जलविद्युत आयोजनाका वारेमा सरोकारवाला संग छलफल

सङ्खुवासभा । सङ्खुवासभा जिल्लामा बन्ने १०६१ मेगावाट क्षमताको नेपालकै सबैभन्दा ठुलो माथिल्लो अरुण जलविद्युत आयोजनाका बारेमा सरोकारवाला निकायसँग छलफल गरिएको छ । आइतबार सङ्खुवासभाको खाँदवारिमा प्रदेश १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीको उपस्थितिमा छलफल भएको हो ।

प्रदेश सरकारले २०० मेगावाट क्षमता भन्दा माथि लगानी गर्न कानूनी समस्या भएकाले आयोजना निर्माणका लागि सङ्घीय सरकारसँग पहल गर्ने मन्त्री कार्कीले बताउनुभयो । नागरिकसँग आयोजनाका सन्दर्भमा छलफल गर्ने र प्रदेश सरकारका तर्फबाट समन्वयात्मक भूमिका रहने उहाँको भनाई छ । कतिपय कुराहरूमा सङ्घीय सरकारले अधिकार नदिँदा प्रदेश सरकारले निर्णयात्मक भूमिकामा रहन नसकेको उहाँले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी नूरहरी खतिवडाले यो आयोजना सम्पन्न गर्नका लागि सबै सरोकारवाला निकायको मुख्य भूमिका रहने बताउनुभयो ।छलफलमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव कालीप्रसाद पराजुली, प्रदेश १ प्रहरी प्रमुख अरुण कुमार बिसी, जिल्ला समन्वय समितिका प्रमुख सुमन शाक्य, आयोजनाका प्रतिनिधि, जिल्लाका जनप्रतिनिधि लगायत सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता रहेको थियो ।

आयोजना कार्यालयका अनुसार अहिले आयोजना प्रभावितहरूको लगत सङ्कलनको काम भएर आयोजना निर्माणका लागि श्रोतको खोजी भइरहेको छ । कुनै अवरोध नआए आगामी २०८१ मा आयोजना निर्माणको काम सुर भएर २०८७ मा सक्ने लक्ष लिइएको छ ।



क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# चार महिला सहित पचपन्न जनाले गरे रक्त दान



झापा। दारी ग्याङ झापाले बुद्धशान्तिमा बुधबार आयोजना गरेको रक्तदान कार्यक्रममा ४ महिला सहित ५५ जनाले रक्तदान गरेका छन्।

पछिल्लो समय झापा लगायत का विभिन्न जिल्लाहरुमा रगतको चरम अभावलाई मध्यनजर गर्दै रक्तदान कार्यक्रमको आयोजना गरिएको दारी ग्याङ झापाका अध्यक्ष तथा कार्यक्रम सभापति गोकुल पौडेलले जानकारी दिए।

बुद्धशान्ति गाउँपालिका अध्यक्ष रमेशकुमार भुजेलको प्रमुख आतिथ्यता तथा नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालको विशिष्ट आतिथ्यतामा भएको कार्यक्रममा विभिन्न समाजसेवी लगायतको उपस्थिती रहेको थियो।

पछिल्लो समय सामाजिक कार्यमा निक्कै सक्रिय रहेको दारी ग्याङले केही समय अघि आफ्नो छैठौं वार्षिक उत्सवको अवसरमा दमकमा पनि रक्तदान कार्यक्रम गरेको थियो भने यस अघि आपत्कालिक रगत व्यवस्थापन लगायत विभिन्न असहाय गरिब लगायतलाई आर्थिक सहयोग गर्दै आएको बताइएको छ।

बुधबारे तल्लो चौकमा भएको रक्तदान कार्यक्रममा पूर्वेली साप्ताहिक पत्रिकाका अध्यक्ष चन्द्र प्रकाश कोइराला, रेडक्रस झापा जिल्ला सभापति लोकराज ढकाल लगायतले शुभकामना मन्तव्य राखेका थिए। त्यस्तै मन्तव्यकै क्रममा बुद्धशान्ति गाउँपालिका अध्यक्ष भूजेलले दारी ग्याङले समाजको सकारात्मक विकास, विस्तार र प्रर्वद्धनका लागि गरेका विभिन्न सामाजिक कार्यलाई आफूँहरुले नजिकबाट निहालिरहेको बताउँदै आगामी दिनमा लागू औषध न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु गर्न समेत सुझाव दिएका थिए। दारी ग्याङले आगामी दिनमा गर्ने विभिन्न कार्यक्रमहरुमा हरेक किसिमको सहयोग गर्न समेत आफूँहरु तत्पर रहेको उनले प्रतिबद्धता व्यक्त गरेका छन्।

दारी ग्याङ झापाका सल्लाहकार सदस्य उमेश तिम्सिनाको संयोजनमा भएको कार्यक्रममा दारी ग्याङका सदस्य रामजंग क्षेत्रीले शाब्दिक स्वागत गरेका थिए भने दारी ग्याङ झापाका सचिव विवेक सुन्दासले कार्यक्रम संचालन गरेको दारी ग्याङ सदस्य दिपेश भट्टराईले जानकारी दिए।

बेटा बेटीके बीचमे विभेद नय कस्रु दोनोके स्कुल भेजु।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय, विराटनगर प्रदेश नं. १

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १

# प्रदेश १ का स्वास्थ्य मन्त्रीद्धारा प्राथमिकता सार्वजनिक

हिरालाल साह

विराटनगर, फाल्गुन १५ गते। प्रदेश १ सरकारका स्वास्थ मन्त्रीले ले १ सय दिनमा गर्न सकिने २० बुँदा कार्ययोजना सार्वजनिक गरेको छ।

सो कुरा २४औं स्वास्थ्य सेवा दिवसको अवसरमा मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा स्वास्थ्य मन्त्री जयराम यादवले एकसय दिने प्राथमिकताका २० बुँदा सार्वजनिक गर्नुभएको हो।

मन्त्री यादवले यही माघ २३ गते गठन भएको नयाँ मंत्रालयमा अहिले पनि पचास प्रतिशत कर्मचारी र बजेट अभाव रहेको बताएका छन्। कार्य योजनाका कार्यहरु प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटले निर्दिष्ट गरेका प्राथमिकता र तत्कालिन आबश्यकातालाइ सम्बोधन गर्नेगरी तयार गरिएको बताए।

सीमित स्रोत साधनले नागरिकका अनेकौ चाहना र स्वास्थ्य प्रणालीका चुनौतीहरु एकैचोटी समाधान गर्न नसकेपनि मन्त्रालयका गतिबिधिहरुलाइ थप ब्यबस्थित र सुदृढ गर्दै लाने उद्देश्य मन्त्रालयको रहेको बताए।

प्रस्तुत कार्ययोजनामा प्रादेशिक स्वास्थ्य नीतिको खाका तयार गर्ने, पशुवाट मानिसमा सर्ने रोगहरुको नियन्त्रणका लागि एक स्वास्थ्य रणनीति तयार गर्ने, स्वास्थ्य वीमा वोर्डको प्रदेश नं. १ को कार्यविधि तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदमा पेश गर्ने, मेची अस्पताललाई २ सय शैयामा स्तरवृद्धि गर्न आवश्यक तयारी गरी स्वीकृतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदमा पेश गर्ने भएको छ।

त्यसै विशेषज्ञ चिकित्सकको लागि सुविधा सम्वन्धिको निर्देशिका स्वीकृतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदमा पेस गर्ने ,स्वास्थ्य मन्त्रालयमा महाशाखा र शाखाहरुको कार्य विवरण तयार गर्ने, प्रादेशिक आर्युवेद अस्पताल सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था गर्ने, प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवा आफ्नो भवनबाट सुरु गर्ने, स्थानीय स्वास्थ्य संस्थाहरुको सुदृढिकरणको कार्यक्रम कार्यान्वयन गर्ने, मेची अस्पताल, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर उर्लावारी, इनरुवा अस्पताल र गाइघाट अस्पताललाई आकस्मीक स्वास्थ्य सेवा तथा प्रेषण प्रणाली सुदृढ गर्न एम्बुलेन्स हस्तान्तरण गर्ने समेत रहेको छ।

प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रको लागि जग्गा ब्यवस्थापन गर्ने, कोभिड १९ को अवस्था, खोप लगायतका सम्पूर्ण जानकारी नियमित रुपमा सार्वजनिक गर्ने, प्रोल्याप्स युटरेस र फिस्टुलाको शल्यक्रिया प्रदेश भित्रका अस्पतालहरुसँग सम्झौता गरि कार्यक्रम संचालन गर्ने व्यवस्था गर्ने, स्वास्थ्य मन्त्रालय अर्न्तगतका निकायहरुको कर्मचारी दरवन्दीको अवस्था अध्ययन गरि रिक्त पद परिपुर्ति गर्न सम्वन्धित निकायमा पहल गर्ने, प्रदेशभरिका स्वास्थ्यकर्मी हरुको रिक्तपदको विवरण संकलन गरि लोक सेवामा पठाईने, बजेटमा व्यवस्था भएका विभिन्न कार्यक्रम कार्यान्वयनका लागि आवस्यक मार्गदर्शन तयार गर्ने लगायत रहेको प्राथमिकता रहेको मन्त्री यादवले पत्रकार सम्मेलनमा बताउनुभयो।

सो कार्यक्रममा प्रदेश प्रयोगशाला प्रमुख ,अस्पताल महाशाखा प्रमुख,स्वास्थ्य निर्देशनालय धनकुटा प्रमुखहरुको उपस्थिति रहेको थियो।

# एकिकृत समाजवादीको एमसीसी बारे प्रेस वक्तव्यको पूर्णपाठ

प्रिय पत्रकार साथीहरु,

लामो अन्यौल र विवादपछि अमेरिकी विकास परियोजना 'मिलेनियम च्यालेञ्ज कर्पोरेशन ( एमसीसी) कम्प्याक्ट' प्रतिनिधिसभा को २०७८ फाल्गुण १५ गतेको बैठकबाट 'व्याख्यात्मक घोषणा' सहित पारित भएको छ। सबैको चासो एवम् चिन्ताहरुलाई सम्बोधन गर्ने गरी मुलुकको हक, हित, असंलग्न परराष्ट्र नीति र अन्तर्राष्ट्रिय छवी समेतलाई दृष्टिगत गर्दै हाम्रो देशको राष्ट्रियता एवम् विकासप्रतिको जनचाहना र प्रतिबद्धता समेतलाई ध्यान दिई 'एमसीसी कम्प्याक्ट'लाई विशुद्ध आर्थिक सहयोग परियोजनाको रुपमा लिने 'व्याख्यात्मक घोषणा' सहित संसदबाट अनुमोदन भएसँगै उक्त घोषणा कम्प्याक्टको अंग बनेको छ। अहिले हाम्रो संसदबाट पारित 'व्याख्यात्मक घोषणा' सहित एमसीसी कम्प्याक्ट स्वीकार गर्ने कार्य अन्तर्राष्ट्रिय कानुनमा भएको व्यवस्था, विभिन्न देशले गरेको अभ्यास, हाम्रो राष्ट्रिय कानुन र सार्वभौम संसदको मान्यतामा आधारित छ। संसदबाट पारित भैसकेपछि यो हाम्रो देशको राष्ट्रिय प्रतिवद्धता भएको छ। एमसीसी कम्प्याक्टका सन्दर्भमा हाम्रो पार्टीले लिएको अडान र अहिले पारित प्रस्तावका सन्दर्भमा केही भ्रमहरु सिर्जना गर्न खोजिएको महशुस गरी राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार जगतका प्रतिनिधिहरु मार्फत भ्रमहरु निवारण गर्ने कोशिस गरेका छौं। यहाँहरुबाट प्राप्त सकारात्मक सुझाव, जिज्ञासा एवम् सहयोगप्रति हाम्रो पार्टीको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक आभार एवम् विशेष धन्यवाद ज्ञापन गर्दछु।

१.एमसीसीको सुरुवात सन्दर्भमा

सन् २००४ जनवरीमा औपचारिक रुपमा स्थापना भएको मिलेनियम च्यालेञ्ज कर्पोरेशन ( एमसीसी) कम्प्याक्ट नेपालमा लागु गर्ने सन्दर्भमा विभिन्न सरकारका पालामा पत्राचार हुँदै सन् २०१७ सेप्टेम्बर १४ मा नेपालका तर्फबाट तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका तर्फबाट कार्यवाहक सीईओ जोनाथन नाशले हस्ताक्षर गरेका थिए। सन् २०१५ मा मिलिनियम च्यालेन्ज अकाउण्ट नेपाल (एमसीए, नेपाल) स्थापना भयो। नेपालमा अस्थिर सरकार भएका बेला एमसीसी सम्झौताबारे अधिकांश काम भएका थिए भने केपी शर्मा ओली नेतृत्वको सरकारका अर्थमन्त्री युवराज खतिवडाले २९ सेप्टेम्बर २०१९ मा परियोजना कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरेका थिए।

२.अमेरिकी निकाय र अधिकारीहरुको भनाइकै कारण एमसीसीबारे संशय

सन् २०१९ मे मा संयुक्त राज्य अमेरिकाका दक्षिण तथा मध्यएसिया मामला हेर्ने सहायक विदेश मन्त्री डेभिड जे रन्ज नेपाल आएर एमसिसी सम्झौता अमेरिकी हिन्द-प्रशान्त रणनीति (आइपिएस)अन्तर्गत रहेको अभिव्यक्ति दिए। दरबारमार्ग स्थित प्याभिलनमा आयोजित कार्यक्रममा उनले एमसीसी सम्झौता नेपालमा आइपिएस अन्तर्गत कार्यान्वयन हुन गइरहेको बताएका थिए। यसैगरी अमेरिकी विदेश विभागले सन् २०१९ मा जारी गरेको 'अ फ्री एन्ड ओपन इन्डो-प्यासिफिक प्रतिवेदनमा एमसीसीलाई आफ्नो हिस्साका रूपमा राखेको उल्लेख गरेको थियो। तर केपी ओली सरकारले यसबारे कुनै प्रतिक्रिया समेत दिएन, प्रतिवाद नै गरेन। यसबाट नै एमसीसी कम्प्याक्टका सन्दर्भमा विवाद र बहसहरु तीब्र रुपमा अघि बढे।

यसैगरी सन् २०२२ फेब्रुअरीमा अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले एमसीसी अनुमोदन नभए नेपालसँगको सम्बन्धमा पुनर्विचार समीक्षा गरिने चेतावनी दिए। सहायक विदेशमन्त्री लु ले चीनको दबाबको कारण एमसीसी अनुमोदन गर्न नखोजेको हो भन्ने आरोपयुक्त आशय व्यक्त गरेपछि यसबारेको विवाद र संशय झनै बढ्यो। अमेरिकी मन्त्रीले चीनको समेत नाम जोडेर संशय व्यक्त गरेपछि चीनले समेत चीन र नेपालबीच विवाद सिर्जना गर्न खोजेको प्रतिक्रिया दियो। यसरी एमसीसी कम्प्याक्टलाई विवादित गराउने काम विभिन्न व्यक्तिहरुबाट भए।

३.आईपीएसमा सहभागी गराउने कार्यमा केपी ओलीको मुख्य भूमिका

अमेरिकी विदेश विभागले सन् २०१९ मा जारी गरेको 'अ फ्री एन्ड ओपन इन्डो-प्यासिफिक प्रतिवेदनमा एमसीसीलाई आफ्नो हिस्साका रूपमा उल्लेख गर्दै नेपाललाई त्यसको सदस्य राष्ट्रको सूचीमा राखियो। तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले अमेरिकाको औपचारिक भ्रमणमा तात्कालीन प्रधानमन्त्रीको अनुमतिमा एमसीसी मार्फत आईपीएसमा आवद्ध भएको भनेर विभिन्न सञ्चार माध्यमहरुमा आए पनि त्यसबारेमा नेपालका औपचारिक संस्थाहरुबाट कहींकतै विरोध वा निर्णय भएको देखिदैन। विकास परियोजना भनेर ल्याइएको विषयलाई तत्कालनीन अर्थमन्त्री युवराज खतिवडाद्वारा सदनमा पुर्याउने काम भयो। यसभन्दा अगाडि कुनै पनि विकास आयोजना सम्बन्धी वैदेशिक सहयोग सम्झौतालाई संसदबाट अनुमोदन गराउने काम गरिएको थिएन। यस प्रकरणले मुलुकलाई रणनीतिक द्वन्द्वको भासमा पुर्याउने खतरा झनै बढायो। यसै कारण नेपालमा यसबारे तीब्र बहस एवम् विवाद भएको र राजनीतिक पार्टीहरु तथा नेताहरुले विरोध जनाएपछि सन् २०२२ को रिपोर्टमा आई.पी.एस.बाट नेपालको नाम हटाएको भनेर पनि समाचारहरु सार्वजनिक भएका छन्। यसरी मुलुकभित्रका दलहरुबीच विवाद विजारोपण गर्ने र जनतालाई समेत उत्तेजित पार्दै विभाजित गर्ने काम के.पी. नेतृत्वको सरकारबाट भयो। अत: राज्य सञ्चालनको जिम्मा पाएका के.पी. ओली जस्ता व्यक्तिहरुमा भएको व्यक्तिवादी, दम्भी, अहंकारी, आत्मसमर्पणवादी एवम् षडयन्त्रकारी प्रवृत्तिले उत्पन्न गराएको जटिलता र संशयपूर्ण क्रियाकलापलाई अहिलेको गठबन्धनले उपयुक्त निकास दिनुपर्ने बाध्यात्मक अवस्था बन्यो।

४.हामी किन परिमार्जन गरेर एमसीसी अनुमोदन गर्ने विन्दुमा आइपुग्यौं ?

एमसीसीलाई लिएर चरम विवाद सिर्जना हुँदा यसले विकास निर्माण लगायतका क्षेत्रहरुमा बहुआयामिक असर पर्ने खालका सन्देशहरु ओली सरकारका पालामा फैलाइएको थियो। एमसीसीलाई जस्ताको तस्तै अनुमोदन गर्ने योजना ओली सरकारको थियो। अन्य केही दलहरुले समेत यथास्थितिमा एमसीसी पारित गर्ने भनिरहेको सन्दर्भमा हाम्रो पार्टीले उक्त कम्प्याक्टमा भएका कतिपय शंका र दोहोरो अर्थ लाग्ने विषयहरुको बारेमा स्पष्ट निरुपण नगरी एमसीसी कम्प्याक्टलाई यथास्थितिमा अनुमोदन गर्नु हुँदैन भनेर निर्णयसहित दृढ अडान लियो। उक्त अडानका कारण नै व्याख्यात्मक घोषणा सहित एमसीसी कम्प्याक्ट संसदबाट अनुमोदन हुने अवस्थामा पुग्यो।

पछिल्लो समय अन्तर्राष्ट्रिय चासोको रुपमा समेत लिइएको र नेपाली समाज नै पक्ष एवम् विपक्षमा विभाजित भएको एमसीसी कम्प्याक्टलाई संसदबाट अनुमोदन गरी लागु गर्ने वा नगर्ने भन्ने विषयमा छिटो निर्णयमा पुग्ने प्रधानमन्त्री शेरबहादुर देउवाको चाहनालाई केपी ओलीले आफ्नो आदेश पालन नगर्ने तथा आफूसँग असहमत व्यक्ति र समूहलाई समाप्त गर्ने एवम् सत्ता गठबन्धन भत्काउँदै संविधान र संसदको तेजोबध गर्ने कार्यको पुनरावृत्ति गर्ने गरी चालबाजीको रुपमा उपयोग गर्न खोजे।

उपर्युक्त परिस्थितिलाई मध्यनजर गर्दै संविधान र संसदको सर्वोच्चता कायम गर्न र विधिको शासन स्थापित गर्न हाम्रो गठबन्धनमा आवद्ध प्रमुख दलहरुले उक्त कम्प्याक्टका सन्दर्भमा राजनीतिक पार्टी, सडकमा आन्दोलनरत जनसमुदाय तथा आमजनताका बीचमा उठेका संशययुक्त विषयहरुलाई निवारण गर्ने गरी 'व्याख्यात्मक घोषणा'सहित एमसीसी कम्प्याक्टलाई संसदबाट अनुमोदन गर्ने निर्णयमा पुग्यौं।

५.हाम्रो पार्टीको निर्णयका सन्दर्भमा

हाम्रो पार्टीले शुरुवातदेखि नै एमसीसी कम्प्याक्टसँग सम्बन्धित विषयमा विभिन्न क्षेत्रबाट उठाइएका संशययुक्त विषयहरुको सम्बोधन नगरी यथास्थितिमा उक्त कम्प्याक्ट अनुमोदन एवम् लागु गर्न नसकिने धारणा राख्दै आएको कुरा विदितै छ। यसै सन्दर्भमा विभिन्न तह र तप्काका जनसमुदायद्वारा विभिन्न माध्यमबाट अगाडि सारिएका एवम् सडकमा अभिव्यक्त राष्ट्रियतासँग सम्बन्धित भावनाको हामी उच्च सम्मान गर्दछौं।

खासगरी नेपालको असंलग्न परराष्ट्र नीति, पञ्चशीलका सिद्धान्त, विभिन्न अन्तर्राष्ट्रिय सन्धी सम्झौता, हाम्रो भुराजनीतिक अवस्थासहित हाम्रो देशको राष्ट्रियता, स्वाधिनता, भौगोलिक अखण्डता, संवैधानिक सर्वोच्चता, हाम्रो सैद्धान्तिक एवम् नीतिगत प्रतिबद्धता जस्ता विषयहरुमा कहींकतै दखल नहोस भन्ने कुरामा हामी सचेत छौं। हाम्रो देशमा सञ्चालित प्रत्येक परियोजनाहरु एवम् प्राप्त हुने सहयोगहरु हाम्रै देशमा निर्मित कानुनहरु तथा सो सँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनहरुद्वारा निर्देशित हुनुपर्ने कुरामा हामी स्पष्ट छौं।

पछिल्लो समय एमसीसी कम्प्याक्टका सन्दर्भलाई लिएर अन्तर्राष्ट्रिय चासो बढ्नुका साथै नेपाली समाज नै पक्ष र विपक्षमा विभाजित हुने अवस्था उत्पन्न भएको, कतिपय राजनीतिक दलहरुले गठबन्धनका दलहरुबीच वैमनष्यता र विभाजन खडा गरेर लोकतन्त्र, संघीयता र संविधान समेत ध्वस्त गर्ने दुश्प्रयासका बारेमा हामी सबै जानकार छौं। यदि हामीले व्याख्यात्मक घोषणासहित अनुमोदन गर्ने पहल नगरेको भए एमसिसि कम्प्याक्ट जस्ताको तस्तै अनुमोदन हुने खतरा थियो र त्यसले देशलाई अप्ठ्यारो अबस्थामा पुऱ्याउन सक्तथ्यो। त्यसो हुनबाट रोकिएको छ। यसलाई हाम्रो पार्टीले लिएको अडान र सचेतना अभियानको सफलताको रुपमा लिनुपर्दछ।

अत: हाम्रो यो निर्णय देश, जनता, संविधान, व्यवस्था र जन चाहनाको सम्मान सहित गरिएको निर्णय हो। यसले अहिले सञ्चालित एवम् भविष्यमा समेत सञ्चालन हुने विकास परियोजनाहरुलाई मार्ग निर्देश गर्ने विश्वास सहित सबैमा आभार एवम् हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद ! १७ फाल्गुण, २०७८
माधवकुमार नेपाल अध्यक्ष एकिकृत समाजवादी



# राष्ट्रिय कराते प्रतियोगिता इलाममा

इलाम । इलाममा आगामी फागुन २९ गतेबाट प्रथम सूर्योदय मेयरकप राष्ट्रिय कराँते प्रतियोगिता आयोजना हुने भएको छ ।

सूर्योदय खेलकुद विकास समितिको आयोजना र सूर्योदय नगर कराँतें खेल विकास समितिको संयोजनमा फागुन ३० गतेसम्म प्रतियोगिता आयोजना हुने भएको हो ।

सात वटै प्रदेशको सहभागिता रहने प्रतियोगितामा प्रदेश १ को प्रतिनिधित्व इलाम टिमले गर्ने कराँते प्रशिक्षक प्रदिप सैजुले जानकारी दिए । १/१ जनाले एकल कातामा प्रतिस्पर्धा गर्ने इलामका कराँते प्रशिक्षक योगेश चाम्लिङले जानकारी दिए । करातेको माध्यमबाट खेल पर्यटनको प्रर्वद्धनका लागि प्रतियोगिता आयोजना गरिएको चाम्लिङले बताए । प्रतियोगितामा सहभागि प्रदेशका टिमहरुलाई आवास र खानपानको व्यवस्थाको तयारी अन्तिम चरणमा पुगेको सूर्योदय नगर खेलकुद विकास समितिका अध्यक्ष शरण राईले बताए । प्रदेश १ को टिम आगामी फागुन २०



गते जिल्ला भरका डोजोबाट छनौट गरिने जनाइएको छ ।

सूर्योदय नगरपालिका वडा नं. १० को कान्दुक फुटसल एरिनामा हुने प्रतियोगितामा प्रत्येक प्रदेशबाट एक/एक टिमको सहभागिता रहने जनाइएको छ। आयोजक टिमको रुपमा सूर्योदय नगरपालिकाले समेत खेल्ने सैजुले बताए ।

कमुते तर्फ पुरुषको ५० केजी देखि ६५ केजी माथिको ५ तौल समुहका खेलाडीहरुले सहभागिता जनाउनेछन् । त्यसैगरी महिला तर्फ ४५ केजी देखि ६० केजीमाथिको तौल समुहमा प्रतिस्पर्धा हुनेछ । कुमेत खेलमा सहभागि खेलाडीहरु मध्येबाट

यसअघि २०७५ चैत्र २२ र २३ मा जिल्ला कराँते संघको संयोजनमा सूर्योदय नगरपालिकाको श्रीअन्तुमा सातौ अन्तराष्ट्रिय आमन्त्रण कराँते प्रतियोगिता सम्पन्न भएको थियो । जसमा नेपाल, भारत, भुटान, बंगलादेश र दुवईको टिम सहभागि थिए । कोभिड संक्रमणका कारण विगत ३ बर्ष देखि ठप्प बनेको इलामको कराँते मेयर कप प्रतियोगिताबाट चलायनमान बन्न लागेको हो ।


## कोरोना ( C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईर?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १







# संखुवासभामा इलाका प्रहरी कार्यालय आँखीभुई ख को समुद्घाटन

सङ्खुवासभा । प्रदेश नम्बर १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले सङ्खुवासभा को धर्मदेवी नगर पालिका स्थित इलाका प्रहरी कार्यालय आँखीभुई 'ख' को उद्घाटन गर्नुभएको छ । आइतबार नव निर्मित कार्यालय भवन, ब्यारेक तथा शौचालयको मन्त्री कार्कीले उद्घाटन गर्नुभएको हो ।

कार्यालय भवनको उद्घाटन गर्दै मन्त्री कार्कीले शान्ति सुरक्षामा प्रहरीको भन्दा पनि नागरिकको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो । नागरिक सभ्य भएमा प्रहरी सफल हुने र सभ्य समाजको निर्माण हुने उहाँको भनाइ छ ।

कार्यालय त कानूनी प्रक्रिया पुरा गर्ने स्थल हो तर तपाई हामी आफै सभ्य बनौं न समाज सभ्य बन्छ, उहाँले भन्नुभयो, प्रहरी विपद्का वेला नागरिक सङै रहन्छ । प्रहरी संरचना केन्द्रकै मातहतमा



प्रदेश १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले सम्बोधन गर्दै ।

रहे पनि प्रदेश सरकार प्रहरी संरचना बलियो बनाउन लागिपरेको बताउनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख सुमन शाक्यले सान्ती सुरक्षा र सुशासनमा प्रहरीको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । प्रदेश नम्बर १ प्रहरी कार्यालयका प्रहरी प्रमुख अरुण कुमार बिसीले प्रहरीबाट लिन सक्ने सेवाको अभिवृद्धि हुने मा विश्वस्त रहेको बताउनुभयो ।

सो भवन प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयको २ करोड ९४ लाख ९४ हजार ६ सय ९९ रुपैयाँ ३० पैसामा निर्माण भएको हो । कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव कालीप्रसाद पराजुली, प्रमुख जिल्ल अधिकारी नूरहरी खतिवडा, सुरक्षा निकायका प्रतिनिधि, जनप्रतिनिधि साथै सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता रहेको थियो ।

## हामीकहाँ...

र बाँध स्थल र प्रसारणलाइन निर्माण हुने क्षेत्रमा समेत जग्गा अधिग्रहण गर्नुपर्ने हुन्छ ।

स्थानीय जग्गाधनीले जग्गाको मुआब्जा अस्वाभाविक रूपमा बढी माग्ने प्रवृत्तिले निजी जग्गा अधिग्रहण गर्न विकासकर्तालाई फलामको चिउरा चपाउनु सरह बन्ने गरेको छ। मुआब्जा जति मागे पनि पाइन्छ वा पाउनु पर्छ भन्ने सोचका कारण चलनचल्ती भन्दा चार/पाँच गुणा दाबी गरिन्छ र ठूला परियोजनाले दिनसक्ने जति दिने गरेका पनि छन् ।

यसको असर ती स्थानमा भविष्यमा बन्ने साना परियोजनामा पर्ने देखिन्छ जो त्यति धेरै मुआब्जा दिन सक्ने अवस्थामा हुँदैनन्। जग्गा अधिग्रहण प्रक्रियामा जग्गाधनीहरूसँग पर्याप्त संवाद र छलफल नभएका कारण उनीहरूका मागमै रूमलिएर यो प्रक्रिया वर्षौंसम्म रूमलिने गरेको पाइन्छ। परियोजना विकास गर्न आएको लगानीकर्ताले जग्गाकै जोहो गर्न वर्षौं खर्च गर्नुपर्ने विडम्बना छ ।

अर्को, स्थानीय सरोकारवालाको अपेक्षा रोजगारीमा निकै बढी देखिन्छ। स्थानीयसँग सीप नभएको अवस्थामा परियोजनाले 'आउटसोर्स' गर्दा पनि विरोध भएको पाइन्छ ।

परियोजनामा स्थानीय व्यवसायीका उत्पादन खपत हुनुपर्ने माग स्वाभाविक हो। तर परियोजनालाई चाहिने सामान उत्पादन गरी नियमित रूपमा आपूर्ति गर्ने क्षमता स्थानीय उद्यमीमा देखिँदैन र बाहिरबाट सामान ल्याउन बाध्य भएका कारण यसमा पनि विरोधै देखिन्छ ।

उदाहरणका लागि, मानौं एउटा जलविद्युत परियोजनामा ५०० जना कामदार छन्। उनीहरूलाई दैनिक १०० किलो कुखुराको मासु आवश्यक पर्छ। तर स्थानीय कुखुरा उत्पादक किसानले त्यो मात्रा आपूर्ति गर्न सक्दैनन्। परियोजनाले ठूला सहरबाट मगाउनुपर्छ ।

त्यस्तै परियोजना कार्यान्वयन गर्न सहज वातावरण बनाउने भूमिका स्थानीय जनप्रतिनिधिको हुन्छ। तर कतिपय जनप्रतिनिधि परियोजनालाई सघाउनेभन्दा सरोकारवालाले राखेका कतिपय नाजायज मागको समर्थन गरी आफ्नो भोट सुरक्षित गर्ने रणनीतिमा लाग्छन्। परियोजनालाई झन् अप्ठ्यारो पार्छन्। स्थानीय जनप्रतिनिधिकै कारण परियोजना कार्यान्वयन सहज भएका घटना नभएका होइनन्। उनीहरूलाई कसरी परिचालन गर्ने भन्ने कुरा परियोजनाले रणनीति नै बनाउनु पर्छ ।

परियोजना र स्थानीय बासिन्दा पक्षका कुरा विश्लेषण गर्ने हो भने समस्या खडा हुनुमा दुवैबीच पर्याप्त र पारदर्शी तरिकाको सञ्चार अभाव मूल कारण देखिन्छ। परियोजनाले स्थानीय र समग्र राष्ट्रलाई दिने आर्थिक लाभबारे विकासकर्ताले पर्याप्त जानकारी गराउन सरोकारवालासँग सम्बन्धित गतिविधिलाई महत्व नदिनाले मिथ्या हल्ला फैलिने र असझमदारी बढ्ने गरेको हो ।

परियोजना व्यवस्थापनबारे अध्ययन गर्ने प्रसिद्ध संस्था प्रोजेक्ट म्यानेजमेन्ट इन्स्टिच्युटले सन् २०१३ तयार गरेको 'हाइकस्ट अफ लो पर्फर्मेन्स' नामक प्रतिवेदनमा भनिएको छ- विश्वमा हरेक पाँचमध्ये दुइटा परियोजना असफल हुन्छन्। ती असफलमध्ये ५० प्रतिशत त केबल अप्रभावकारी सञ्चारका कारण असफल भएका हुन्छन् ।

उक्त प्रतिवेदन अगाडि भन्छ- विश्वका परियोजनामा लगानी गरिएको हरेक एक अर्ब डलरमध्ये १३ करोड ५० लाख डलर जोखिममा पर्छ। त्यो रकममध्ये ५६ प्रतिशत अप्रभावकारी सञ्चारकै कारण जोखिममा पर्ने गरेको छ ।

प्रभावकारी सञ्चार भए मात्र पनि कुल परियोजनामध्ये ८० प्रतिशत पूर्व निर्धारित समय र बजेटमा तथा लक्ष्य हासिल गरी सम्पन्न हुन सक्ने समेत प्रतिवेदनले औंल्याएको छ ।

त्यस्तै सन् २०१० मा फोर्ब्स म्यागजिनले गरेको सर्वेक्षणमा सहभागीमध्ये ९२ प्रतिशत कम्पनीका प्रमुख कार्यकारी, ९२ प्रतिशत सञ्चार विज्ञहरू तथा ८८ प्रतिशत रणनीतिकारले उनीहरूको रणनीतिक सफलताका लागि सञ्चार नै महत्वपूर्ण तत्व रहेको स्वीकार गरेका थिए ।

त्यसो त अन्तर्राष्ट्रिय वित्त निगमको, एसियाली विकास बैंकको र युरोपेली पुनर्निर्माण तथा विकास बैंकले परियोजना विकासका लागि तयार गरेका मान्यता र मापदण्डले पनि परियोजना र स्थानीय सरोकार वालाबीच पर्याप्त र अर्थपूर्ण छलफल हुनुपर्नेमा जोड दिएका छन् ।

हाम्रै देशको संविधानको धारा २८ तथा सूचनाको हक सम्बन्धी ऐनले सार्वजनिक चासो वा व्यक्तिगत चासोका विषयमा सूचना पाउने नागरिक अधिकारको सूनिश्चित गरेको छ । वातावरण नियमावली र सुशासन ऐनले समेत परियोजनाद्वारा सरोकारवालासँग पारदर्शी तथा पर्याप्त छलफल हुनुपर्ने व्यवस्था गरेको छ ।

परियोजना सम्भाव्यताबारे पर्याप्त प्राविधिक, सामाजिक तथा भूगर्भीय अध्ययनका साथै यसले पार्ने असरबारे पर्याप्त अध्ययन नभइ सम्झौता तथा कार्यान्वयनको चरणमा पुग्ने गरेका कारण पनि परियोजना असफल भएका छन्। सरकारको कमजोर अनुगमन, ठेकदारको लापरवाही, प्राविधिक असफलता जस्ता कारणले पनि लागत बढ्ने, समयमा सम्पन्न नहुने, वित्तीय व्यवस्थापन समयमै हुन नसक्ने समस्या देखिन्छन् ।

सरोकारवालासँग पर्याप्त छलफल गरी वास्तविक समस्या के हो भन्नेबारे समयमै जानकारी गराउने, परियोजना विकास तथा कार्यान्वयनमा सहभागी गराउने तथा पारदर्शी तरिकाले सूचना प्रवाह मात्र गर्न सके यी समस्या समाधान गर्न र परियोजना सहज कार्यान्वयनमा सहयोग पुग्ने देखिन्छ। स्थानीय सरोकारवालासँग सम्बन्ध सुमधुर बनाउन स्थानीय तहमा परियोजनाको प्रतिनिधि, जनप्रतिनिधि प्रशासनसहितको समन्वय संयन्त्र स्थापना हुनुपर्ने देखिन्छ। यस संयन्त्रले सञ्चारमा ठूलो भूमिका खेल्न सक्छ ।

लगानीका लागि आह्वान गर्ने तर लगानीकर्ताका लागि दिइने आर्थिक सहुलियत र सुविधामा अस्पष्टता, लगानीकर्तालाई दिइने प्रभावकारी सेवा र सहजीकरणका लागि सरोकारवाला निकायबीच एकल विन्दु प्रणाली अझै प्रभावकारी रूपमा स्थापित हुन नसक्नु पनि परियोजना कार्यान्वयनको ठूलो चुनौती हो ।

विशेषगरी विदेशी लगानीमा सञ्चालित परियोजनाहरू प्राविधिक क्षमता तथा मानवीय संसाधनका हिसाबले आफैंमा सक्षम देखिन्छन् । वित्तीय व्यवस्थापनमा पनि उनीहरूलाई धेरै समस्या देखिँदैन। विदेशी परियोजनाका लगानीकर्ताहरू नेपालको प्रशासनिक प्रणाली र स्थानीय परिस्थितिमा कम जानकार हुने भएकाले उनीहरूलाई सबभन्दा आवश्यक भनेको सरकारको तर्फबाट गरिनुपर्ने सहजीकरण हो ।

प्रशासनिक सहजीकरण र स्थानीय तहमा सरोकारवाला सम्बन्धमा सरकारको तर्फबाट पर्याप्त सहयोग हुन सक्ने हो भने नेपालमा ठूला परियोजनाको कार्यान्वयनमा देखिएका व्यवधान सहजै हट्ने देखिन्छ । (लेखक घिमिरे परियोजना सञ्चारका विज्ञ हुन् ।)


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर